जनमुखी पत्रकारिताको अभ्यास

# लाल बिगुल

Lalbigul National Daily राष्ट्रिय दैनिक

वर्ष:- १५ | अंक:- ५७ | २०८२ साल असोज ६ सोमवार ( September 22, 2025) | पृष्ठ संख्या:- ४ | मुल्य रु : ५।-

## यात्रुलाई सहज र सुरक्षित बनाउन डडेल्धुरामा विशेष सहायता कक्ष स्थापना

बिगूल समाचार
६ असोज २०८२

डडेल्धुरा। डडेल्धुरामा दशैं, तिहार र छठ पर्वलाई लक्षित गरी यात्रुहरूको यात्रालाई सहज र सुरक्षित बनाउन "यात्रु सहायता कक्ष" स्थापना गरिएको छ । चाडपर्वमा हुनसक्ने सम्भावित अपराध, ठगी, दुर्व्यवहार र अन्य समस्यालाई नियन्त्रण गर्न यो अभियान सुरु गरिएको जिल्ला प्रहरी कार्यालय डडेल्धुराका निमित्त प्रमुख डम्बर बिष्टले बताए ।




आइतबार अमरगढी नगरपालिका अन्तर्गतको बागबजारमा यो सहायता कक्ष सञ्चालनमा आएको हो। यात्रुको चापलाई ध्यानमा राखि स्याउले र तुफानडाँडामा पनि यस्ता कक्षहरू स्थापना गरिएको प्रमुख बिष्टले जानकारी दिए । यी सहायता कक्षहरूले यात्रुहरूको गुनासो तत्काल समाधान गर्ने र सहज यात्राको वातावरण बनाउने उद्देश्य राखेका छन् ।

सहायता कक्षको उद्घाटन गर्दै डडेल्धुराका प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले चाडपर्वमा घर फर्कने यात्रुहरूलाई कुनै पनि किसिमको असहजता नहोस् भन्दै सबैले ट्राफिक नियमको पालना गर्नुपर्नेमा जोड दिनुभयो । यसले यात्रुलाई ठग्ने, बढी भाडा लिने र अलपत्र पार्ने समस्याहरू कम गर्न मद्दत पुग्ने उहाँले बताउनुभयो । जिल्ला प्रहरी कार्यालय ट्राफिक प्रहरी कार्यालय, स्थानीय जनप्रतिनिधि, पत्रकार , बुद्धिजीवी र विभिन्न संघसंस्थाहरूको सहभागितामा भएको यस कार्यक्रममा यात्रु सुरक्षालाई प्राथमिकतामा राखीएको छायश अभियानमा उच्चाकोटी निर्माण सेवा, सकम्बरी निर्माण सेवा, उग्रतारा यातायात प्रा.लि., नेपाल पत्रकार महासंघ डडेल्धुरा, यातायात व्यवस्था कार्यालय डडेल्धुरा,अमरगढि,उग्रतारा यातायात प्राली डडेल्धुरा,नगरपालिका लगायतका संस्थाहरूको सहकार्य रहेको छ। डडेल्धुराका निमित्त प्रमुख प्रहरी निरीक्षक डम्बर बिष्टले यात्रुहरूलाई सुरक्षित यात्रा व्यवहार अपनाउन, आधिकारिक काउन्टरबाट मात्र टिकट लिन, सवारी साधनको छत वा ढोकामा यात्रा नगर्न तथा फरक क्षमता भएका व्यक्ति, महिला, बालबालिका र ज्येष्ठ नागरिकलाई सहयोग गर्न आग्रह गर्नुभयो। यी प्रयासहरूले चाडपर्वको यात्रालाई अझ सुरक्षित बनाउने अपेक्षा गरिएको छ ।

## विभिन्न देशका लागि दशैं टीका लगाउने शुभ साइत सार्वजनिक

बिगूल समाचार
६ असोज २०८२

डडेल्धुरा । अन्तराष्ट्रिय पञ्चांग निर्णय समितिले विभिन्न देशका लागि विजया दशमीको टीका लगाउने शुभ साइत सार्वजनिक गरेको छ । समितिको आज यहाँ बसेको बैठकबाट विभिन्न देशका लागि शुभ साइत सार्वजनिक गर्दै एक प्रश विज्ञप्ती जारी गरेको छ ।

विभिन्न देशमा बसोबास गर्ने वैदिक सनातन हिन्दू धर्मावलम्बीहरूबाट दशैं टीकाको साइतबारे जिज्ञासा र ाखिएकाले तिथ्यादिको स्थानीय मानअनुसार सम्बन्धित देशको स्थानीय समयअनुसार शुभ साइत सार्वजनिक गरिएको हो ।

समितिले नेपालका लागि असोज १६ गते बिहान ११:५३ बजे, दिल्ली, भारतका लागि सोही दिन अर्थात् २ अक्टोबरका दिन ११:४९, न्युयोर्क अमेरिकाका लागि अक्टोबर १ का दिन बिहान ११:२५, फर्याङ्कफर्ट केन्टुकी अमेरिकाका लागि बिहान ११:५७, वोवेन्स्वोरो केण्टुकी अमेरिकाका लागि अक्टोबर ११:०५, टेक्सासका लागि अक्टोबार ११:३३, वासिङ्गटन डिसीका लागि ११:३५, क्यालिफोर्नियाका लागि बिहान ११:११, कोलोराडोका लागि ११:२९ बजेको साइत शुभ रहेको छ । यसैगरी, टोरेण्टो क्यानडाका लागि १ अक्टोबरका दिन बिहान ११:५५, भ्यानकुभरका लागि ११:३३, टोकियो जापानका लागि २ अक्टोबरका दिन बिहान ११:३१, सिड्नी अष्ट्रेलियाका लागि २ अक्टोबरका दिन बिहान ११:४३, मेलबर्न अष्ट्रेलियाका लागि सोही दिन बिहान ११:१९, व्रीसवेन अष्ट्रेलियाका लागि बिहान ११:५३, एडिलेटका लागि ११:३५, क्यानबेराका लागि ११:५१, तास्मानियाका लागि ११:४५, पर्थका लागि ११:२५ र डार्बिन अष्ट्रेलियाका लागि बिहान ११:४७ बजेको साइत शुभ रहेको छ ।

यस्तै, बेलिङ्गटन न्यूजिल्यान्डका लागि २ अक्टोबरका दिन बिहान ११:२३, लिस्बन पोर्चुगलका लागि सोही दिन बिहान ०९:२३, लण्डन बेलायतका लागि बिहान ०९:१७, पेरिस, फ्रान्सका लागि बिहान ०९:५७, नर्वेको ओस्लोका लागि बिहान १०:०३, क्वालालम्पुर मलेसियाका लागि बिहान ११:११, अवुधावी युएइका लागि बिहान १०:५५, दोहा कतारका लागि बिहान १०:१३, बैंकक थाइल्याण्डका लागि बिहान १०:४५, सियोल दक्षिण कोरियाका लागि बिहान १०:५७, तेल अभिभ इजरायलका लागि बिहान ११:३५, सिंगापुरका लागि बिहान ११:०९, हङकङका लागि बिहान ११:४५, साउदी अरेबियाका लागि बिहान १०:५५, याङ्गून म्यानमारका लागि बिहान १०:२७, जेनेभा स्विट्जरल्याण्डका लागि बिहान १०:२५ र माल्टाका लागि बिहान १०:५५ बजेको साइत स्थानीय समय अनुसार शुभ रहेको जनाइएको छ ।

## स्वास्थ्य कार्यालय डडेल्धुराको जनहितमा जारी सन्देश

- खोपले रोगबाट बचाउँछ त्यसैले सबै बालबालिकालाई पूर्ण खोप लगाउनुहोस् नियमित खोप कार्यक्रममा सहभागी हुनुहोस् ।
- सुरक्षित मातृत्व - गर्भवती महिलाले कम्तिमा चारपटक गर्भजाँच गराउनुहोस् र स्वास्थ्य संस्थामा नै प्रसूति गराउनुहोस् ।
- गर्मी मौसममा हुन सक्ने झाडापखला लगायतका रोगहरूबाट बच्नका लागि साबुन पानीले हात धुनुहोस्, शुद्ध पानी पिउनुहोस्, खानेकुरा छोपेर राख्नुहोस्
- क्षयरोग नियन्त्रण दुई हप्ता भन्दा बढी खोकी लागेमा क्षयरोग परीक्षण गराउनुहोस् क्षयरोगको औषधि पूर्ण अवधि सेवन गर्नुहोस् ।
- डेंगु रोकथामका पानी जम्ने भाँडाहरू खालीह गर्नुहोस्, लामखुट्टेको टोकाइबाट बच्नुहोस्, ज्वरो आएमा तुरुन्त स्वास्थ्य संस्थामा जानुहोस्
- पोषण सुधार हजार दिनका आमा र बच्चालाई पौष्टिक आहार दिनुहोस्,

सुदूरपश्चिम प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जिल्ला स्वास्थ्य कार्यालय, डडेल्धुरा

## अजयमेरु गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरु सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

अजयमेरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भद्रपुर, डडेल्धुरा

## दुर्गाथली गाउँपालिका बभाङ्ग को अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरु सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
,बभाङ्ग

## सम्पादकीय

### जेनजी आन्दोलनपछि सरकारको अर्जुनरुरु दृष्टि - निर्वाचन


सुशीला कार्कीको नेतृत्वमा बनेको वर्तमान अन्तरिम सरकारले आगामी फागुन २१ गतेका लागि निर्वाचनको मिति घोषणा गरिसकेको छ । अब यो सरकार र सम्पूर्ण राजनीतिक नेतृत्वको सबैभन्दा ठूलो र एकमात्र जिम्मेवारी तोकिएकै मितिमा निष्पक्ष र शान्तिपूर्ण निर्वाचन सम्पन्न गर्नु हो । वर्तमान सरकारको मूल लक्ष्य एकै छ निष्पक्ष र शान्तिपूर्ण निर्वाचन सम्पन्न गर्नु । प्रधानमन्त्री स्वयंले यस प्रतिबद्धतालाई बारम्बार सार्वजनिक रूपमा दोहोऱ्याएकी छन् । यसलाई व्यवहारमा कार्यान्वयन गर्न सरकारले आफ्ना सम्पूर्ण स्रोत, साधन र ऊर्जा चुनावमा नै केन्द्रित गर्नुपर्छ । संक्रमणकालीन सरकार भएकाले यसले चुनावबाहेक अन्य कुनै पनि गतिविधिमा समय खर्च गर्नु हुँदैन, किनभने अनावश्यक बहस वा कामले राजनीतिक वातावरणलाई खल्बल्याउन सक्छ, जुन अहिलेको संवेदनशील समयमा मुलुकले धान्न सक्दैन ।

फागुन २१ गते तोकिएको चुनावलाई सफल बनाउन सरकारसँगै राजनीतिक दलहरूको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । सरकारले तत्काल निर्वाचन आयोगलाई पूर्णता दिनुपर्नेछ, विशेषतः प्रमुख आयुक्तको रिक्त पद पूर्ति गर्नु अत्यावश्यक छ । यसका साथै, स्रोत, साधन र जनशक्ति व्यवस्थापन गर्ने काममा ढिलाइ नगरी सरकार अगाडि बढ्नुपर्छ । यद्यपि, यी सबैभन्दा बढी आवश्यक राजनीतिक इच्छाशक्ति हो । यही इच्छाशक्ति भएमा प्राविधिक कठिनाइहरूलाई सहजै समाधान गर्न सकिन्छ । यसबीचमा, आन्दोलनका क्रममा जलेका प्रहरी चौकी, जिल्ला प्रशासन कार्यालय लगायतका संरचनाहरूले चुनौती थपेका छन् । तर नेपाली समाजको सहिष्णुता र सहकार्यको भावना भने प्रेरणादायी देखिएको छ । स्थानीय बासिन्दाहरू आफैंले जलेका संरचनाहरू पुनर्निर्माण गर्दै छन्, जुन सामाजिक एकताको अनुपम उदाहरण हो । यसले देखाउँछ, नेपाली जनताले स्थिरता र शान्तिको अपेक्षा गरेका छन् र उनीहरू आफ्नो भविष्य निर्माणमा स्वयं सक्रिय हुन चाहन्छन् ।

चुनावका लागि आवश्यक गाडी तथा सामग्रीको व्यवस्थापनमा केही कठिनाइ देखिए पनि यसलाई सरकार सहजै समाधान गर्न सक्छ । भारतलगायत छिमेकी मुलुक र अन्तर्राष्ट्रिय समुदायसँग सहयोगको आह्वान गर्दा सकारात्मक प्रतिकृया आउने विश्वास गर्न सकिन्छ । विगतमा पनि मित्र राष्ट्रहरूले नेपाललाई निर्वाचन सामग्री उपलब्ध गराएका थिए । तीन वर्षअघि खरिद गरिएका मतपेटिकाहरू अझै प्रयोगयोग्य छन्, जसले खर्च बचत गर्न मद्दत गर्नेछ । सरकारले मितव्ययिता अपनाउँदै अनावश्यक खर्च कटौती गरेर पनि चुनावलाई सफल बनाउन सक्छ । यस्तै, माओवादी केन्द्र, नेपाली कांग्रेस र नेकपा एमालेजस्ता ठूला दलहरूले सरकारलाई निर्वाचन सफल बनाउन दबाब र सहयोग दुवै दिनुपर्छ । उनीहरूले आफ्नो गतिविधि जनताकै बीचमा केन्द्रित गर्दै चुनावी अभियानलाई गति दिनुपर्छ । शान्ति सुरक्षाको पक्का प्रबन्ध सरकारको जिम्मेवारी हो, जसले गर्दा सबै दलहरू समान अवसरसहित चुनावमा सहभागी हुन सकून् । सर्वस्वीकार्य र वैधानिक निर्वाचनका लागि प्रमुख दलहरूको सक्रियता अपरिहार्य छ ।

यदि तोकिएको मितिमा निर्वाचन हुन सकेन भने मुलुक फेरि संसद् पुनर्स्थापनाको विवादतर्फ धकेलिनेछ । यसले नयाँ संकट निम्त्याउनेछ, जसको मूल्य नेपाली जनताले चुकाउनु पर्नेछ । लामो समयसम्म संसद्विहीन अवस्थामा देशलाई राख्न सकिँदैन । त्यसैले ताजा जनादेशमार्फत जनप्रतिनिधि छनोट गर्नु नै लोकतान्त्रिक बाटो हो । यसले मुलुकलाई स्थिरतासहित नयाँ यात्रातर्फ उन्मुख गराउनेछ । जनताले चाहेको आर्थिक समृद्धि र विकासका कामहरू पनि स्थिर सरकार बनेपछि मात्र निरन्तरता पाउनेछन् । अहिलेको असामान्य परिस्थितिको एक मात्र निकास भनेको समयमै हुने चुनाव हो । त्यसैले सरकार, राजनीतिक दल, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदाय सबै मिलेर शान्तिपूर्ण, निष्पक्ष र भयरहित वातावरण निर्माणमा जुट्नुपर्छ । अन्यत्र होइन, सम्पूर्ण ध्यान अब तोकिएकै मितिको निर्वाचनमा केन्द्रित होस् । यही बाटोले मात्र देशलाई लोकतान्त्रिक स्थायित्व र समृद्धिको दिशामा अघि बढाउनेछ ।

# ध्वंसको जिम्मेवार ओली र ओली सरकार



**सरोजदिलु विश्वकर्मा**

**ओली पार्टीमा निर्विकल्प सर्वेसर्वा भइसकेका थिए । उनीविरुद्ध कसैले चुँसम्म गर्न नसक्ने उनले बनाइसकेका थिए । उनको विरोध गर्यो कि त्यो सकियो । सँगै गाँसबास र खानपान गरेकी विद्या भण्डारीलाई समेत उनले सिध्याउन बाँकी राखेनन् ।**

मानिसहरू भनिरहेका छन्, 'इतिहासमा आजसम्म नभएको विशाल आन्दोलन जेनजीले नेपालमा गऱ्यो । मुलुकमा कसैले गर्ननसकेको आन्दोलन जेनजीले गऱ्यो । जेनजीका कारण भ्रष्ट, दलाल सरकार र पतित नेताहरू र तानाशाही ओलीको अन्त्य भयो । जो गर्यो जेनजीले गऱ्यो । यही भाष्य निर्माण भएको छ ।' हो, अगुवाइ जेनजीकै हो । प्रारम्भिक मुद्दाहरू जेनजीकै हुन् । तर यथार्थचाहिँ बेरोजगार, भ्रष्टाचार, बेथिति, घुसखोरी कर्मचारीतन्त्र, निजामतीवालाहरूको लुटतन्त्र, न्यायालय नै बिक्री, प्रहरी प्रशासनको ज्यादती, नेताहरूको मनपरीतन्त्र आदिमा लागेको आगो विस्तारै सल्किँदै एकैचोटी दन्किएको हो ।

बालेनबाट पीडित सुकुम्बासी, सडक ब्यापारीहरू पनि छन् आन्दोलनमा, तिनलेसमेत आन्दोलनलाई मलजल गरेका हुन् । सरकारको त कुरै नगरौं जति चिच्याए पनि नसुन्ने बरु उल्टै 'आन्दोलनमा नाममा सडकमा चिच्याउँछन्, कराउँछन्, भोक लाग्छ, पैसा सकिन्छ अनि घर फर्किन्छन्, केही माखो मर्दैन' भनेर उल्ल्याउने सरकारका विरुद्ध सबै उत्रिनु जरुरी थियो । तिनका कारण देशमा अत्ति भएपछि सबै तहका जनतामा उकुसमुकुस भएको रिस-आवेग एकैचोटी पोखिएर आगो बलेको हो । त्यो आगोले केपी ओलीलाई त डढाउनु नै थियो तर उनीसँगै धेरैलाई जलायो, देशलाई डढायो, निहत्था, निर्दोष नागरिकहरूलाई समेत जिउँदै पोल्यो ।

### कहाँबाट सल्क्यो त आगो ?

ओली दोस्रोपटक प्रधानमन्त्री भएदेखि नै आगो सल्केको हो । उनमा एककिसिमको सत्ताउन्माद र दम्भ अनि राजनीतिक कपट देखिन थाल्यो । पछिल्लोपल्ट प्रधानमन्त्री बनेपछि उनले संसार जितेजस्तो गरी अहंकार देखाउन थाले । आफ्ना सबै भ्रष्टाचार कुकृत्यहरू लुकाउन रवि लामिछानेलाई जेल हाले । जेल मात्र हालेको होइन, कृत्रिम सहकारी पीडितहरू खडा गर्दै मुद्दा लगाउँदै जिल्ला जिल्लामा मुद्दा चलाउँदै युवाले चाहेको नेतालाई जबर्जस्त अपराधी करार गरिदिए । अनि मानवअधिकारको उल्लंघन गर्दै सुंगुर बस्न पनि नरुचाउने एउटा छिँडीमा राखेर उनलाई सजाय दिएको युवा पुस्ताले बुझे । मैले तिर्नुपर्ने बिगो पनि तिर्छु भन्दासमेत उनका कुरा नसुनी राजनीतिक ओत पाएको अदालतले सरकारको आदेशमा उनलाई फसाइरह्यो, फसाइरह्यो । सरकारले युवालाई आलोकाँचो नाथे मुला ठानिरह्यो । तर विज्ञान र प्रविधिमा खेल्दै हुर्केका युवा पुस्ताले इगो साँचिरहे । त्यो इगो अन्ततः आगोमा परिणत भयो । बहुमतको बलमा उनले भूमिविधेयक, सञ्चार विधेयक, सामाजिक सञ्जाल नियन्त्रण र नियमन सम्बन्धी विधेयकलगायत थुप्रै विधेयकहरू जबर्जस्त पास गराए ।

विपक्षीका कुनै कुरा सुनेनन् । बरु विपक्षीलाई कसरी फसाउने, विरोधीको पद नै कसरी सिध्याइदिने तिकडमबाजीमा लागि रहे, ओली । रास्वपा लगायतका दलहरूले संसद्मा कुरा उठाइरहे । तर, उनीहरूको आवाजलाई सम्बोधन गर्नुको साटो उनले बालुवाटारमा बसेर सभामुखलाई विपक्षीको आवास दबाउन निर्देशन दिइरहे । यी सबै षड्यन्त्र र रवैयाहरूलाई उनले नजरअन्दाज गरे पनि आमजनताले बुझिरहेका थिए । र, त्यसको प्रतिशोध लिन चाहन्थे । जेनजीको आन्दोलनको मौकामा जनताले प्रतिशोध लिने मौका पाए ।

### कार्यकर्ताहरूको देवत्वकरण

ओली पार्टीमा निर्विकल्प सर्वेसर्वा भइसकेका थिए । उनीविरुद्ध कसैले चुँसम्म गर्न नसक्ने उनले बनाइसकेका थिए । उनको विरोध गऱ्यो कि त्यो सकियो । सँगै गाँसबास र खानपान गरेकी विद्या भण्डारीलाई समेत उनले सिध्याउन बाँकी राखेनन् । कार्यकर्ताको ठुलो पंक्तीले ओलीलाई आइलब युबा भनेर अपार प्रेम दिइरह्यो । ओलीले गर्दा मुलुकको अर्थतन्त्रमा परेको असर लोकतन्त्र माथिको उपहास र सामाजिक सांस्कृतिक असर र जनतामा छाएको मनोवैज्ञानिक असरका बारेमा कार्यकर्ताले बुझेनन् ।

कसैले आइलब यु भनिरहे, कसैले उनका बारेमा कविता लेखिरहे, कसैले उनलाई राष्ट्रपिता र भगवान्को रूपमा धारण गरिरहे । त्यसले ओलीको दम्भ अझ बढ्दै गयो । अब जे हो मै हो, मैले जे गर्दा, जे बोल्दा पनि जायज हुन्छ भन्ने ठाने । सुनील शर्मा र चन्द्र भण्डारीहरूले उनकै अगाडि उनको भविश्य देखाइदिँदासमेत ओली-देउवाले बुझेनन् । परिणामतः तिनै कार्यकर्ताहरूको देवत्वकरणले समेत ओली बढारिनमा सहयोग पुग्यो ।

### ब्यापक भ्रष्टाचार र बेथिति

सरकारले गरेको भ्रष्टाचार जनताका सामु ऐनाजस्तै छर्लंग थियो । तर, उनीहरू आफूले गरेका कर्तुतहरू लुकाउनका लागि उल्टासुल्टा जे पनि गर्न तयार भए । ओली आफैं गिरीबन्धु, लाउडा, ओम्नी, सरकारी जग्गा सट्टापट्टा र बिक्री आदिमा मुछिएका हुन् । आरजु शरणार्थी काण्डमा कुस्त पैसा कमाएकी हुन् भने गृहमन्त्री भिजिट भिसाकाण्डमा दोषी देखिएका हुन् । कर्मचारीहरूले घुसबिना जनताको काम गर्नै छाडे । सकेसम्म अधिक सरकारी स्रोतसाधन प्रयोग गरेर सरकारी सेवासुविधा भोगचलन गरेर जनतालाई रैतीको व्यवहार गरिरहे, गरिरहे ।

बरु आफूले गरेका ठुलाठुला भ्रष्टाचारहरू लुकाएर अरूको सानोतिनो भ्रष्टाचार खोतलेर चोखो हुन खोजे । यो बाहेक एमाले कार्यकर्ताहरूलाई जे गर्न पनि छुट भयो । बलात्कार र यौनकाण्डमा मुछिने एमाले, होटलमा पसेर उधारो खाई नतिर्ने अनि गुन्डागर्दी गरेर हिँड्ने एमाले, अर्काकी स्वास्नीलाई गर्लफ्रेन्ड बनाएर हिँड्ने एमाले, अर्काको बुढाको रखेल बन्ने पनि एमाले, असामाजिक र अमर्यादित काम गर्ने बहुसंख्यक एमालेहरू देखिन थाले । ती कृयाकलापप्रति एमाले पार्टीले मौन समर्थन गरिरह्यो ।

### सामाजिक सञ्जालमा रोक

विज्ञान-प्रविधि र डिजिटल दुनियाँमा रमाएको युवापुस्तालाई सरकारप्रति इगो त पहिलेदेखि नै थियो । तर जब सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएर उनीहरूको हात बाँधियो, उनीहरूको मस्तिकलाई बन्धक बनाइयो, उनीहरूमा त्यो रिसको आगो कहाँ बालौँ, नजिक भए सरकारलाई त्यही जलाइदिऊँ भन्ने आक्रोश पैदा भइसकेको थियो । युवालाई मात्र होइन, फेसबुक, टिकटक, इन्स्टाग्राम, रिलमा रमाइरहेका सबै उमेरसमूहका मानिसलाई सरकारको निर्णयले क्रोधित बनायो । एमाले र कांग्रेसभित्रैका युवापुस्तालाई समेत सरकारको यो निर्णय चित्त बुझेको थिएन । सामाजिक सञ्जाललाई प्रयोग गरेर ब्यापार व्यवसाय गरिरहेका, त्योमार्फत देशविदेशमा कुराकानी गरिरहेकाहरूलाई सरकारको सामाजिक सञ्जाल बन्द गर्ने निर्णय नै मन परेको थिएन । बहुसंख्यक जनताको विरोध भइरहँदा पनि सरकारले बन्द गरिछाड्ने निर्णय गऱ्यो । खास कारण बाहिर नल्याई बन्द गर्ने निर्णय गर्दा आफ्ना कुकृत्यहरू, आफूले गरेका बेइमानी र भ्रष्टाचारहरूका विरुद्ध बोल्ने जनताको मुख बन्द गर्ने खेल हो भन्ने जनताले बुझे । त्यो पनि एक थियो । सरकार चरम भ्रष्टाचारमा डुबेको थियो, विरोध गऱ्यो कि पक्राउ गरिहाल्ने, जेल हालिहाल्ने तानाशाह बन्दै गएको थियो । जनताहरूले यसको खुलारूपमा विरोध गर्दै जतातत्तै केपी ओलीलाई चोर भन्न थालिसकेका थिए । त्यो सुन्न नसकेर सरकारले यही मौकामा सामाजिक सञ्जाल बन्द गर्ने कुचेष्टा गर्यो ।

अर्कोतर्फ नयाँ पार्टीहरू उदाउँदै तिनले सामाजिक सञ्जाललाई आफ्नो प्रचारप्रसारको औजार बनाइरहेका थिए । रास्वपा जस्तो पार्टीको प्रचार प्रसार सामाजिक सञ्जालमार्फत नै हुने गर्दछ । यसरी नयाँपार्टीको उदयलाई निस्तेज पार्नका लागि सरकारले सामाजिक सञ्जाललाई बन्द गर्ने एउटा रणनीति लिएको थियो । अझ कुनै पनि माध्यमबाट सामाजिक सञ्जाल प्रयोग गरे कडा कारबाही गर्ने सरकारको निर्देशिका आयो । परिणामतः युवापुस्ताको अगुवाइमा विपक्षी पार्टी कार्यकर्ताहरूसहित सारा जनता जुरुक्कै उठ्यो ।

### ललितपुरमा बालिकामाथि मन्त्रीको ठक्कर

गोदावरीमा एमालेको विधानसभा भइरहेको थियो । त्यो विधानसभामा जान प्रदेशका १ जना मन्त्री सवार गाडीले ललितपुरको थैवमा १ जना बालिकालाई जेब्राक्रसमै ठक्कर दियो । मन्त्रीजस्तो मान्छेले बालिकालाई ठक्कर दिएर कुनै प्रतिकृया नदिई, उपचार नगरी भागेपछि त्यसलाई प्रधानमन्त्रीले कारबाहीको विषय बनाउनु पर्दथ्यो । तर प्रधानमन्त्रीले यसलाई सामान्य घटना हो, यस्ता दुर्घटनाहरू हुन्छन् भनेर हलुका रूपमा लिए । त्यसले जनतालाई थप आक्रोशित बनाइसकेको थियो । त्यसको रिस लिएर बसेका जनताले २३ र २४ गतेको आन्दोलनमा थप घिउ हाले । जसले गर्दा सडक जलाउन हिँडेका जनता सिंहदरबार र बिआइसिसी जलाउन बाध्य भए ।

### १९ जना कलिला बालबालिकाको हत्या

२३ भदौंमा युवाहरूले शान्तिपूर्ण प्रदर्शन नै गर्ने भनेका थिए । शान्तिपूर्ण भन्दाभन्दै कलिलो उमेरका भाइबहिनीको हातखुट्टा उच्छृंखल काम गर्न अलिकता लम्किहाल्छ । यो स्वभाविक हो । तर सरकारले उनीहरूको मुटु छेडिने गरी सिधै गोली हानेर त्यसको जबाफ दियो । परिणामतः एकैक्षणमा १९ जना स्कुले ब्याग बोकेका, कलिला बालबालिकालाई भुटुटुटु गोलीले उडाइयो । बालबालिकाको त्यो कलिलो रगतले सबैलाई पोल्यो, त्यो रात कसैलाई पनि निद्रा लागेन ।


## पाटन नगरपालिका बैतडीको जनहितमा जारी सन्देश

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

पाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाटन बैतडी

## डडेल्धुरा जिल्ला केहि महत्वपूर्ण नम्बरहरु

| | |
|---|---|
| लाल बिगूल दैनिक:- | ९८५८७५१६००/९८०५५९९७५० |
| जिल्ला प्रशासन कार्यालय डडेल्धुरा:- | ०९६-४२०१३३/४२०५५५ |
| जिल्ला अदालत डडेल्धुरा:- | ०९६-४२०१३०/४२०४८३ |
| जिल्ला समन्वय समिति डडेल्धुरा:- | ०९६-४१०१४४ |
| जिल्ला प्रहरी कार्यालय डडेल्धुरा:- | ०९६-४२०१९९/४२०१७६ |
| रणबम गण दहब्यारेक डडेल्धुरा:- | ०९६-४२०२००/४२०५०० |
| राष्ट्रिय अनुसन्धान कार्यालय डडेल्धुरा: | ०९६-४२०१७७ |
| रा.प्र.ब. नेपाल ५२ नं. गुल्म हेडक्वाटर:- | ९८५१२७२५१३ |
| डडेल्धुरा अस्पताल डडेल्धुरा:- | ०९६-४१०२४५/४२०१६५ |
| शिक्षा विकास तथा समन्वय इकाई डडेल्धुरा:- | ०९६-४२०१३५ |
| भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र डडेल्धुरा:- | ०९६-४१०११४ |
| खनेपानी तथा सरसफाई डिभिजन कार्यालय डडेल्धुरा:- | ०९६-४१०१५० |
| स्वास्थ्य कार्यालय डडेल्धुरा:- | ०९६-४१०११८/४१०२३८ |
| डिभिजन बन कार्यालय डडेल्धुरा:- | ०९६-४२०१४५ |
| जिल्ला सरकारी वकिल कार्यालय डडेल्धुरा:- | ०९६-४२०२३७ |
| जलस्रोत तथा सिचाई डिभिजन कार्यालय डडेल्धुरा:- | ०९६-४१०१२५ |
| कृषि ज्ञान केन्द्र डडेल्धुरा:- | ०९६-४१०११२ |
| भू- तथा जलाधार व्यवस्थापन कारयालय डडेल्धुरा:- | ०९६-४१०११५ |
| मालपोत कार्यालय डडेल्धुरा:- | ०९६-४१०१७१ |
| नापी कार्यालय डडेल्धुरा:- | ०९६-४१०१६७ |
| कोष तथा लेखा नियन्त्रण कार्यालय डडेल्धुरा:- | ०९६-४१०१७७ |
| जिल्ला आयुर्वेदिक स्वास्थ्य केन्द्र डडेल्धुरा:- | ०९६-४१०१०६ |
| घरेलु तथा साना उद्योग कार्यालय डडेल्धुरा:- | ०९६-४१०१६४ |
| तरकारी विउ उत्पादन केन्द्र डडेल्धुरा:- | ०९६-४२०१७५ |
| जिल्ला निर्वाचन कार्यालय डडेल्धुरा:- | ०९६-४१०१५४ |
| जिल्ला हुलाक कार्यालय डडेल्धुरा:- | ०९६-४२०१४१ |
| शाखा तथ्याङ्क कार्यलय डडेल्धुरा:- | ०९६-४१०१८५ |
| जल तथा मौसम विज्ञान विभाग डडेल्धुरा:- | ०९६-४२०२२१ |
| डडेल्धुरा कारागार शाखा:- | ०९६-४१९२१५ |
| जिल्ला खेलकुद समिति डडेल्धुरा:- | ९८४८७२८२६३ |
| यातायात कार्यालय डडेल्धुरा:- | ०९६-४२०२४१ |
| सामाजिक विकास कार्यालय डडेल्धुरा:- | ९८५८७८३२३२ |
| अमरगढी नगरपालिका डडेल्धुरा:- | ०९६-४१०२२२ |
| परशुराम नगरपालिका डडेल्धुरा:- | ०९६-४११००४ |
| अजयमेरू गाउँपालिका डडेल्धुरा:- | ९८५५७८५५५० |
| गन्यापधुरा गाउँपालिका डडेल्धुरा:- | ९८५८७८८७०७ |
| आलिताल गाउँपालिका डडेल्धुरा:- | ९८५८७८१०२० |
| भागेश्वर गाउँपालिका डडेल्धुरा:- | ९८४१९६३८९६ |
| नवदुर्गा गाउँपालिका डडेल्धुरा:- | ९८५८७४५४३० |
| प्रधानमन्त्री कृषि आधुनीकरण परियोजना:- | ०९६-४१००९२ |
| आन्तरिक राजश्व कार्यालय डडेल्धुरा:- | ०९६-४१०३०८ |
| खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय:- | ९८५८७७५००४ |
| पूर्वाधार विकास कार्यालय डडेल्धुरा:- | ०९६-४१००६१ |
| राष्ट्रिय परीक्षा बोर्ड डडेल्धुरा:- | ०९६-४२०२१३/४२०२१४ |
| नेपाल विद्युत प्राधिकरण डडेल्धुरा:- | ०९६-४२०२४५/४२०४७५ |
| दुरसञ्चार कार्यालय डडेल्धुरा:- | ०९६-४२०१०८ |
| साल्ट ट्रेडिङ्ग डडेल्धुरा:- | ९८४८८०५५८२ |
| जोगबुढा अस्पताल लालढुङ्गा डडेल्धुरा:- | ०९६-४११००८ |
| इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुरा:- | ०९६-४११०७२ |
| डडेल्धुरा उग्रतारा यातायात प्रा.लि. डडेल्धुरा:- | ०९६-४२००६३ |
| बिजुली बस सेवा प्रा.लि. डडेल्धुरा:- | ९८५८७५३०५५ |
| डडेल्धुरा सार्वजनिक पुस्तकालय डडेल्धुरा:- | ०९६-४२०३५३ |
| जिल्ला रेडक्रस ब्लडका लागि:- | ९८४७०९०१७४ |
| एम्बुलेन्स डडेल्धुरा अस्पताल:- | ०९६-४१०१६५ |
| उद्योग विणिज्य संघ डडेल्धुरा:- | ०९६-४२०६११ |
| बहुउद्देश्यीय विकास समाज डडेल्धुरा:- | ०९६-४१००१३ |
| रुडुक डडेल्धुरा:- | ०९६-४१०४०२ |
| महिला मुक्ति समाज डडेल्धुरा:- | ०९६-४२०३८९ |
| एकीकृत विकास समाज डडेल्धुरा:- | ०९६-४२०१७९ |
| हरमस नेपाल:- | ०९६-४२०१४७ |
| नेपाली काङ्ग्रेस डडेल्धुरा:- | ०९६-४२०१६९ |
| नेकपा एमाले डडेल्धुरा:- | ०९६-४१०१०५ |
| नेकपा (माओवादी केन्द्र) डडेल्धुरा:- | ९८५११५१००८ |
| राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) | ९८४९७११५३८ |
| नेकपा एकीकृत समाजवादी डडेल्धुरा:- | ९८५८७५१४३५ |
| डडेल्धुरा बहुमुखी क्याम्पस डडेल्धुरा:- | ०९६-४१०१८९ |
| त्रिवेणी बहुमुखी क्याम्पस जोगबुढा:- | ९८५८७८६२५८ |
| भिमदत्त बहुमुकी क्याम्पस डडेल्धुरा:- | ०९६-४२०७५० |
| मिहेन्द्र मा.वि. डडेल्धुरा :- | ९८४८७६६०३० |
| न्यू कैलपाल अप्सेट प्रेस, डडेल्धुरा :- | ०९६-४१०११६ |

**तपाईको ठाउँमा हुने हरेक घटना समाचार बन्न सक्छन् त्यसैले तपाईहरूको साथी लाल बिगूल राष्ट्रिय दैनिकलाई सम्भिनु होला।**

# डडेल्धुरा अस्पताल डडेल्धुरा

## समाजिक सेवा एकाईमा समावेश भएका लक्षित समूहहरू

| क्र.सं. | लक्षित समुह | आवश्यक कागजातहरू |
|---|---|---|
| १ | गरिब | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| २ | असहाय | नेपाल सरकारबाट प्रदान गरिएको परिचय पत्र, स्थानीय निकायको सिफारिस र उपचारमा संलग्न चिकित्सक / स्वास्थ्यकर्मीद्वारा सेवाग्राही अवलोकनमा साथ वस्तुनिष्ट सिफारिस |
| ३ | अपाङ्ग भएको व्यक्ति | नेपाल सरकारबाट प्राप्त अपाङ्ग परिचय पत्र, परिचय पत्र-'क'वर्गकोलाई पूर्ण तथा 'ख' वर्गलाई छुट |
| ४ | जेष्ठ नागरिक | नेपाल सरकारबाट जेष्ठ नागरिकका रूपमा समाजिक सुरक्षा भत्ता पाउने गरी उपलब्ध गराईएको परिचयपत्र र नेपाली नागरिकताको प्रतिलिपी |
| ५ | लैङ्गिक हिंसा प्रभावित (बालवालिका समेत) | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालय र अस्पतालको एकद्वार संकट व्यवस्थापन केन्द्रको लैङ्गिक हिंसा सिफारिस पत्र |
| ६ | महिला स्वास्थ्य स्वयम सेविका | महिला स्वास्थ्य स्वयम सेविका परिचय पत्र |
| ७ | प्राकृतिक प्रकोपबाट प्रभावित व्यक्ति | जिल्ला प्रहरी तथा जिल्ला प्रशासन र सबन्धित निकायको सिफारिस पत्र |
| ८ | शहिद परिवार | शहिद परिवार परिचय पत्र |
| ९ | कुपोषित बालवालिका | उपचारमा संलग्न चिकित्सक/स्वास्थ्यकर्मीको सिफारिस |
| १० | लोपउन्मुख जाती | संवैधानिक व्यवस्था अनुसारका जातीहरु |
| ११ | दुर्घटना परेका र प्रहरीद्वारा ल्याईएको थुनुवा बिमारीहरू | संलग्न प्रहरी प्रतिवेदन र पत्र |

नोटः आवश्यक कागजात र प्रक्रिया नपुगेका व्यक्तिहरूलाई सामाजिक सेवा उपलब्ध हुने छैन ।

- हाललाई एक व्यक्तिलाई एक महिनामा एक पटक मात्र सामाजिक सेवा मार्फतको सेवा उपलब्ध गराईनेछ ।
- नयाँ विमारीका हकमा सामाजिक सेवा इकाई मार्फतको ओ.पि.डि. । टिकट बनाउने समय-सार्वजनिक बिदाका दिन बाहेक बिहिवार सम्म बिहान १०:०० बजे देखि दिउँसो १:०० बजेट सम्म र शुक्रबार १२:०० बजे सम्म मात्र बनाइने छ । साथै अन्य प्रयोजनका लागि दिउँसो कार्यालय अवधी भर मात्रै काउन्टर खुल्ला रहने छ ।

**सामाजिक सेवा एकाई**
**डडेल्धुरा अस्पताल डडेल्धुरा**

## खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुराद्वारा जनहितमा जारी सन्देश

- बजारबाट खाद्य वस्तु खरिद गर्दा उत्पादन मिति (Manufacture Date), उपभोग मिति (Expiry Date) र ब्याच नम्बर अनिवार्यरूपमा जाँच गर्नुहोस् ।
- प्याकेजिङ्ग नभएका, दुर्गन्धित, फोहर तथा शंकास्पद वस्तु नकिन्नुहोस् ।
- गुणस्तर चिन्ह (जस्तैः NS मार्क) भएको वस्तु मात्र उपभोग गर्नुहोस् ।
- नुन, तेल, चिनी, दुधजन्य पदार्थ लगायत दैनिक उपभोग्य वस्तु खरिद गर्दा सरकारी मापदण्डमा आधारित छन् कि छैनन् भन्ने जाँच गर्नुहोस् ।
- कुनैपनि खाद्य वस्तुमा शंकास्पद गतिविधि देखिएमा वा म्याद नाघेका वस्तु बिक्री भइरहेको भएमा नजिकको उपभोक्ता मञ्च वा यस कार्यालयमा जानकारी गराउनुहोस् ।
- कस्वस्थ्य जिवनका लागि सुरक्षित खानेकुराको आवश्यकता हुन्छ । त्यसैले झिंगा भन्केका वा धूलो परेका खुल्ला रूपमा बेचिने मिठाई, पानीपुरी, चटपटे जस्ता खानेकुरा नखानुहोस् ।

"म्याद र गुणस्तर हेरेर मात्र सुरक्षित खानेकुरा रोजौं ।
स्वस्थ जीवनको समृद्ध मुलुक र गुणस्तर चिन्हलाई नै खोजौं ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय डडेल्धुरा**

## ध्वंसको जिम्मेवार ओली..........

बालबालिका, युवा, महिला वृद्ध सबै उमेरका मानिसहरू बेचैन रात बिताए । अन्ततः भोलिपल्ट त्यसको बदला लिन, कोही खुकुरी, कोही तरबार, कोही बन्चरो, आँखा अगाडि जे पाइन्छ त्यही लिएर मर्न र मार्न स्वतःस्फुर्त निस्किए ।परिणामतः बानेश्वर, सिंहदरबार, सर्वोच्चदेखि बुढानिलकण्ठ, बालकोट, भैंसेपाटी, जताततै आगो बलेको हो । हो, त्यस मौकामा केही अपराधी तत्वहरूले पनि फाइदा उठाएकै हुन् । तथापि यो स्थिति सिर्जना गर्ने पनि ओली नै हुन् । अर्थात सबै घटना-प्रतिघटना र दुर्घटनाहरू ओलीको अहंकार, दम्भ अनि ओली सरकारको रवैया र देशप्रतिको बेइमानीको उपज नै हो । त्यसैले जे-जति जनधनको नोक्सानी भयो, मुलुकलाई जे-जति घाटा भयो त्यसको जिम्मेवारी ओली र ओली सरकारले नै लिनुपर्दछ, अरू कसैले होइन ।

## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्ज्वल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुऱ्याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**नवदुर्गा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मणिलेक, डडेल्धुरा**

# पार्टी पुनर्संरचनाका लागि मंसिरमा विशेष महाधिवेशन गर्ने अध्यक्ष प्रचण्डको प्रस्ताव




**बिगूल समाचार**
**६ असोज २०८२**

नेकपा (माओवादी केन्द्र)ले पार्टी पुनर्संरचनाका लागि मंसिरमा विशेष महाधिवेशन गर्ने तयारी गरेको छ ।

पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडा कोटेश्वरमा जारी बैठकमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले विशेष महाधिवेशन मंसिरमा गर्ने प्रस्ताव गर्नु भएको एक पदाधिकारीले लाल विगूल दैनिकलाई जानकारी दिए ।

पार्टीको केन्द्रीय समितिमा युवालाई नेतृत्वमा ल्याउनेगरी सबै कमिटीको अधिवेशन हुने र महाधिवेशन प्रतिनिधि निर्वाचित गर्नेगरी प्रचण्डले बैठकमा प्रस्ताव राख्नु भएको उनले जानकारी दिए ।

प्रचण्डले पार्टीलाई तत्काल पुनर्संरचना गर्नका लागि तलसम्मका सबै तहको अधिवेशनका लागि आजैदेखि खट्नका लागि पनि नेतृत्वलाई निर्देश गर्नुभयो ।

बैठकमा समसामयिक विषयमा बोल्दै प्रचण्डले अहिलेको परिवर्तनपछिको संक्रमण अन्त्यका लागि चुनावमा भाग लिएर जानुपर्ने बताउनु भयो । उहाँले चुनाव नै अहिलेको निकास भएकाले आजैदेखि सबै तहका कमिटिहरुलाई चुनाव केन्द्रित कार्यक्रम गर्ने प्रस्ताव गर्नु भएको छ ।

नेपाली काँग्रेस र नेकपा एमाले जस्तै माओवादी पनि भएको आरोपको खण्डन गर्दै प्रचण्डले बैठकमा भन्नुभयो, 'काँग्रेस र एमाले जस्तो हाम्रो पार्टी हुनै सक्दैन। हामीले अहिलेसम्म पनि कुनै पनि प्रकारको बहुमत पाएर अर्थात एकल सरकार को नेतृत्व पनि गरेका छैंनौ। हामीले सुशासन दिँदा सरकार ढलाइएको हो। हामीले पहिले नै प्रत्यक्ष निर्वाचित शासकीय स्वरुपको राख्दा नमानिएको हो । आज त्यहीं कुरा पुष्टि भएको छ ।'

प्रचण्डले अब सबै पदाधिकारी र केन्द्रीय समिति भंग गरेर आयोजक समिति राख्ने प्रस्ताव गर्नु भएको छ। यो प्रस्ताव केन्द्रीय समिति बैठकले पारित गरेपछि लागू हुने एक पदाधिकारीको भनाइ छ। केन्द्रीय समिति बैठक अर्को बस्ने तयारी छ ।

# डडेल्धुरामा १६ वर्षीया बालिका हराइन् खोजी गरिदिन परिवारको अपिल

**बिगूल समाचार**
**६ असोज २०८२**

डडेल्धुरा। परशुराम नगरपालिका- ७, घुम्टेगडाकी १६ वर्षीया मन्जु बिष्ट हराएकी छन् ।

परिवारका अनुसार उनी २०८२ असोज ३ गते बिहान करिब ७:३० बजे साथीको घरमा किताब लिन जाने भन्दै घरबाट निस्किएकी थिइन्। तर त्यसपछि हालसम्म पनि उनी सम्पर्कमा आएकी छैनन् ।

बालिकाको खोजी कार्य भइरहेको र देख्ने वा भेट्ने जो कोही महानुभावले नजिकैको प्रहरी चौकी वा परिवारका सम्पर्क नम्बर ९८६३०८८०३७ र ९७४९७५१४४४ मा खबर गर्न आग्रह गरिएको छ ।



बालिकाको खोजतलासमा परिवार, स्थानीयवासी र प्रहरी सक्रिय रहेको परिवारले जानकारी दिएको छ। साथै सामाजिक सञ्जालमार्फत पनि खोजी अभियानमा सहयोग पुर्‍याउन अपिल गरिएको छ ।


## मेलौली नगरपालिका बैतडीको अनुरोध

- बालबालिकाको उज्जवल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- सार्वजनिक स्थलमा छाडा चौपाया नछाडौं। यसले दुर्घटना र सरसफाइमा समस्या ल्याउँछ।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**मेलौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मेलौली, बैतडी**

## नवदुर्गा गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्जवल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै विद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**नवदुर्गा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मण्लेिक, डडेल्धुरा**

## डिभिजन वन कार्यालय, डडेल्धुराको जनहितमा जारी सन्देश

वन संरक्षण हाम्रो दायित्व, समृद्धि र सन्तुलित वातावरणको आधार
वन छ भने जीवन छ, वन बचाऔं भविष्य बनाऔं।

**वन क्षेत्रमा अवैध रूपमा चरिचरन गर्ने, दाउरा काट्ने, घाँस संकलन गर्ने, आगो लगाउने, बालुवा गिट्टी उत्खनन गर्ने कार्य गैरकानुनी हो। यस्तो कार्य गर्नेलाई वन ऐनअनुसार कानुनी कारबाही गरिनेछ।**

सुदुरपश्चिम प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
**डिभिजन वन कार्यालय, डडेल्धुरा**

## आलिताल गाउँपालिका डडेल्धुराको अनुरोध

- बालबालिकाको उज्जवल भविष्य सुनिश्चित गरौं। विद्यालय जाने उमेर समूहका बालबालिकालाई समयमै वद्यालय पठाऔं ।
- शिक्षा उनीहरूको अधिकार हो र हाम्रो भविष्यको जग हो । बाल श्रमको प्रयोग नगरौं । हरेक बच्चालाई खेल्ने, सिक्ने र हुर्कने अवसर दिऔं ।
- जैविक विविधताको संरक्षण, संवर्धन र रक्षा गरौं । प्राकृतिक सन्तुलन कायम राख्न यो अपरिहार्य छ । वातावरण सफा राख्नका लागि वृक्षारोपण गरौं ।
- स्वस्थ जीवन र सुरक्षित समुदाय स्वास्थ्य संस्थामा मात्रै सुत्केरी गराऔं। आमा र बच्चा दुवैको जीवन अमूल्य छ, विशेषज्ञको हेरचाहमा मात्रै उनीहरू सुरक्षित हुन्छन्।
- सडक छेउमा निर्माण सामग्री नराखौं। यसले दुर्घटना निम्त्याउन सक्छ र सार्वजनिक आवागमनमा बाधा पुर्‍याउँछ। घरको नक्सा पास गरेर मात्रै निर्माण कार्य गरौं। अनधिकृत निर्माणले जोखिम बढाउँछ ।
- बर्खायाममा पानीमा विभिन्न रोगहरूको संक्रमण हुने भएकाले पानी शुद्धीकरण गरेर मात्रै पिउने गरौं।
- व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँसराइ) सम्बन्धित वडा कार्यालयमा ३५ दिनभित्र दर्ता गरौं। यो कानुनी आवश्यकता हो र यसले नागरिकताका अधिकार सुनिश्चित गर्छ।
- लागु औषधमुक्त समाजको निर्माण गरौं लागु औषध सेवनले मानिसको मस्तिष्क, मुटु, फोक्सो र कलेजोमा गम्भीर असर पर्छ। त्यसैले लागु औषधको उत्पादन, बिक्रीवितरण, सेवन र ओसारपसार नगरौं र गर्न नदिऔं।

**आलिताल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**भिमदत्तपूर, डडेल्धुरा**


डडेल्धुरा जिल्लाबाट प्रकाशित लाल बिगूल राष्ट्रिय दैनिकका लागि प्रकाशक तथा सम्पादक : करन साउद,कार्यकारी सम्पादकः जानकी धामी कानुनी सल्लाहकारः- ओम प्रकास सावद, बजार व्यवस्थापकः मदन बोहरा प्रधान कार्यालय अमरगढी ०५ डडेल्धुरा सम्पर्क नं. ९८५८७५१६०० इमेल : lalbigul.news@gmail.com मुद्रणः न्यू कैलपाल अफसेट प्रेश डडेल्धुरा